# गवाही स्रेस्ता सम्बन्धी नियम, २०१५

नेपाल राजपत्रमा प्रकाशित मिति

२०१५।६।१३

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाले सरकारले देहायको नियम बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो नियमको नाम "गवाही स्रेस्ता सम्बन्धी नियम, २०१५" रहेको छ।

(२) यो नियम तुरुन्त प्रारम्भ हुनेछ।

२. **गवाही स्रेस्ता खडा गर्ने** : (१) स्रेस्ता, हिसाब बुझाउनु पर्ने कसैले सो स्रेस्ता हिसाब जाँच्ने अड्डा वा विभागमा स्रेस्ता कागजातहरू पठाउँदा १ प्रति नक्कल सारी त्यसमा हाकिम वा सो स्रेस्ता कागजात खडा गरी बुझाउने कामको निमित्त मुकरर भएका कर्मचारी र तहरीर (असिष्टेण्ट) फाँटवाला औ साक्षी रहेको भए निजको समेत सहिछाप गरी गराइ सो नक्कल अड्डामा राखी सक्कल चलान गर्ने गर्नु पर्छ।

(२) उप-नियम (१) बमोजिम पठाइएका स्रेस्ता कागजातहरू दाखिल हुनु पर्ने ठाउँमा दाखिल नहुँदै बीचमा कुनै कारण पर्न गै दाखिल हुन नसकेमा कारण खुलाइ नक्कल स्रेस्ता कागजात बमोजिम गवाही स्रेस्ता कागजातहरू खडा गरी दाखिल गर्नु र जाँच्नेले पनि गवाही स्रेस्ता कागजात खडा गराइ लिई जाँची बुझी ठहरे बमोजिम गर्नु पर्छ।